## भूलसुधार

नेपाल राजपत्र भाग ३ खण्ड २६ संख्या ४७ मिति २०३३-१२-१ मा प्रकाशित यस मन्त्रालयको खानेपानी तथा ढल निकास समितिको गुरू योजनाअन्तरगत टच्यूववेलको लागि अधिग्रहण भएको काठमाडौं जिल्ला बालाजु गा. पं. वार्ड नं. २ (ख) मा पर्ने निम्न कि.नं.हरूको जग्गामध्येबाट निर्माण तथा यातायात मन्त्रालयको मिति ०३२-४-१९ को राजपत्रमा प्रकाशित सूचना अनुसार चक्रपथ योजनाको लागि कि.नं. ५२ बाट १-७-२, कि.नं.५४ बाट २-१३-१, कि.नं. ५३ बाट ०-१-२ अधिग्रहण गरिसकेको देखिएकोले कि.नं. ५२ बाट ०-७-०, कि.नं. ५३ बाट ०-१३-० र कि.नं. ५४ बाट ०-१०-० हुनुपर्नेमा क्रमशः १-१४-०, ०-१४-२ र ०-१४-० हुनगएकोले भूलसुधार गरिएको छ।

जल तथा विद्युत् मन्त्रालय

## भूलसुधार

मिति २०३३।५।२८ को नेपाल राजपत्र भाग ३ खण्ड २६ संख्या २२ मा प्रकाशित यस मन्त्रालयको खानेपानी तथा ढल निकास समितिको गुरू योजनाअन्तर्गत ढल प्रशोधन केन्द्र बनाउनको लागि अधिग्रहण भएको ललितपुर जिल्ला, ल.पु. नगर पञ्चायत वार्ड नं. ४ (ञ) मा पर्ने कि.नं. २ को क्षेत्रफल १-६-३ हुनुपर्नेमा १-५-१½ हुनगएकोले भूलसुधार गरिएको छ।

जल तथा विद्युत् मन्त्रालय

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६१२